श्री

उच्च अदालत पोखरा

संयुक्त इजलाश

**इजलाश नं. २**

माननीय न्यायाधीश श्री तेजबहादुर कार्की

माननीय न्यायाधीश श्री डालकुमार खड्का

# फैसला

**विषयः- निषेधाज्ञा**

**निवेदन नं. 075-WO-0057**

**नि.नं. ३७२**

कास्की जिल्ला पुरुन्चौर गा.वि.स. वडा न १ साविक वतन भई हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१८ सिमाना मार्ग बस्ने इश्वरी प्रसाद आचार्यको छोरा बुहारी वासुदेव आचार्यको श्रीमती वर्ष ४१ की विष्णुमाया आचार्य......................१ } **निवेदक**

**विरुद्ध**

पोखरा महानगरपालिका वडा नं.५ को वडा कार्यालय.......................................१

ऐ.वडाका वडा अध्यक्ष धन बहादुर नेपाली....................................................१

ऐ.वडाका वडा सदस्य अन्जु के.सी.............................................................१ } **प्रत्यर्थी**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

## तथ्य खण्ड

१. रिट निवेदनको बेहोराः-

मेरो घर कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ५ र वडा नं.१८ को सिमाना मार्गमा पर्दछ। उक्त स्थान भौगोलिक हिसाबमा समथर नभई भिरालो छ। उक्त स्थानमा चिसो हुँदा पानीको मूल फुट्ने पहिरो जाने जोखिम स्थानमा पर्छ। बर्षा याममा पहिरो नजाओस घर नभत्कोस भनी घरको संरक्षणार्थ ऐ. वडा नं १८ को वडा कार्यालयसमक्ष तार जाली माग गरेकोमा वडा कार्यालयबाट स्थलगत निरीक्षण भई आँगनको डिलमा तार

जाली विछ्याई गारो पर्खाल उठाई घर कम्पाउण्ड गर्नु भन्ने सुझाव पाएँ।सोही मुताविक २०७५।४।२३ मा जिल्ला प्रशासन कार्यालय कास्कीका नाउँमा आवश्यक रकम तथा तार जाली उपलब्ध गराइदिनु भनी सिफारिस भयो। मिति २०७५।१२।११ मा विपक्षी वडा अध्यक्ष र वडा सदस्य तथा उहाँहरुका चिनजानका मानिसहरु र सुरक्षाकर्मीहरु समेतको लस्कर एक्कासी गल गैंची कुटो कोदालो लिई तैले यो घर कम्पाउण्डको पर्खाल भत्का नत्र हामी भत्काइ दिन्छौं भन्नुभयो। मेरो घर कम्पाउण्डले कसैलाई असर गरेको छैन। बाटो निकास छेकेको छैन। विपक्षीहरुबाट जबरजस्ती गैरकानूनी तरिकाबाट बासस्थान सम्पत्ति माथि आक्रमण भयो। अन्ततः तीन दिन भित्र नभत्काए हामी भत्काइदिन्छौं भनी डर त्रास देखाइ जानुभयो। वडा अध्यक्ष धनबहादुर नेपाली वडा सदस्य अन्जु के.सी. विपक्षी अन्य निकाय समेतको साथ सहयोग लिई मिति २०७५।१२।११ मा मलाई तीन दिन भित्र घर कम्पाउण्ड भत्काउने ठाडो आदेश दिएको कार्य गैरकानूनी छ। उक्त गैरकानूनी कार्यबाट मेरो संवैधानिक तथा कानूनी अधिकार हनन् भएको छ। यस्तो कार्य तत्काल नरोक्ने हो भने मेरो आवास सम्वन्धी संवैधानिक हक हनन् हुने ठूलो क्षति बेहोर्नु पर्ने हुनाले विपक्षीहरुको नाममा निवेदकलाई घरबास सम्पत्ति उपभोग गर्नबाट वन्चित नगर्नु, निवेदकको घर लगायतका संरचना नहटाउनु, नभत्काउनु भनी विपक्षीहरुका नाममा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको निवेदक विष्णुमाया आचार्यको निवेदन मागदावी।

२. <u>यस अदालतको आदेशः-</u>

- यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ?जारी गर्नु नपर्ने कानूनसम्मत आधार र कारण भए सो समेत खुलाई बाटाको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ पेस गर्नू भनी निवेदन र आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाउँमा सूचना म्याद जारी गरी नियमानुसार पेश गर्नु। साथै निवेदकले माग गरेको अन्तरिम आदेश सम्वन्धमा विचार गर्दा दुवै पक्षहरुलाई छलफलमा राखी निर्णय गर्न उपयुक्त हुने देखिंदा सो प्रयोजनको लागि विपक्षीहरुलाइ उपस्थित हुनका लागि सूचना दिई मिति २०७५।१२।१७ को पेशी तोकी सो छलफलको लागि पेश गर्नु । साथै निवेदनमा उल्लेखित कि.न.२०१० र कि.न. २०१२ को जग्गा निवेदकका नाउँमा दर्ता रहेको देखिंदा सो जग्गा र त्यसमा भएको संरचनामा सुविधा र सन्तुलनको दृष्टिकोणले सो

मिति २०७५।१२।१७ सम्मका लागि कुनै किसिमको हस्तक्षेप अतिक्रमण नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षीहरुको नाउँमा उच्च अदालत नियमावली ४२(२) (ख) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ।आदेशको जानकारी विपक्षीहरुलाई गराउनु भन्ने यस अदालतको मिति २०७ ५।१२।१३ को आदेश।

- यसमा निवेदनमा उल्लेखित कि .नं. २०१० र कि .नं. २०१२ को जग्गा निवेदकको नाउँमा दर्ता प्रमाणित रहेको र उक्त जग्गामा बनेको घरको दक्षिणतर्फ भत्की निवेदकको घर समेत भत्कने अवस्था निवेदकले पेश गरेको फोटाहरुबाट देखिएको र निवेदकले हाल कम्पाउण्ड वाल लगाएको सम्बन्धमा विवादित ठाउँको नक्सा मुचुल्का गरी हेरी एकिन हुन सक्ने अवस्था हुँदा सो जग्गा र त्यसमा भएको संरचनामा सुविधा र सन्तुलनको दृष्टिकोणबाट यस निवदेनको अन्तिम टुङ्गो नलागेसम्म निवदेकको घर भत्कने प्रकारको कुनै कार्य नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाउँमा अन्तरिम आदश जारी हुने गरी भएको यस अदालतको मिति २०७५।१२।१३ को अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ। यस आदेशको जानकारी विपक्षीहरुलाई दिई मिसिल नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७ ५।१२।१७ को आदेश।

३. <u>लिखित जवाफः-</u>

निवेदकले दावी लिएको साविक ग्यारजाती वडा नं २ हाल पोखरा महानगरपालिका वडा नं १८ को कि.नं. २०१० क्षेत्रफल ०-१-२-२ र ऐ. कि.नं. २०१२ को क्षेत्रफल ०-२-१-० जग्गा निवेदकको नाममा दर्ता श्रेस्ता भए पनि निजले घर निर्माण गर्दा प्रचलित नेपाल कानून तथा स्थानीय सरकार संचालन ऐन,२०७४ ले निर्दिष्ट गरे बमोजिमको कानूनी प्रक्रिया र परिधि भित्र रही आफ्नो सीमा भित्र सीमित रही घर निर्माण गरी पर्खाल लगाउनुपर्नेमा विपक्षी निवेदकले त्यसो नगरी आफ्नो सेस्ता प्रमाण भन्दा बाहिर गई घर निर्माण गरी पर्खाल समेत लगाई सार्वजनिक सम्पत्ति हात पार्ने गलत मनसाय राखी सार्वजनिक जग्गा अतिक्रमण गर्नु भएको छ।यसरी निवेदकले सार्वजनिक जग्गा मिची स्थायी संरचना निर्माण गरेकाले सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्त्व हामी माथि भएकाले निवेदकलाई संरचना हटाउन भनेका हौं। हामीबाट गैर कानूनी कार्य नभएकाले

निवेदकको रिट निवेदन खारेज भागी छ। खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको पोखरा विपक्षीहरुको संयुक्त लिखित जवाफ।

**आदेश-खण्ड**

४. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत निवेदनको मिसिल संलग्न कागजातहरुको अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गेज शर्मा पोखेलले कि.नं. २०१० र कि .नं. २०१२ को जग्गा निवेदकको नाउँमा दर्ता रहेको छ।त्यसै जग्गामा निवेदकले घर बनाएको हो। निवेदकको घर कम्पाउण्डले कसैलाई असर गरेको छैन।बाटो निकास छेकेको छैन। विपक्षीहरुबाट अन्य निकाय समेतको साथ सहयोग लिइ मिति २०७५।१२।११ मा मलाई तीन दिन भित्र सो घर कम्पाउण्ड भत्काउने ठाडो आदेश दिएको गैरकानूनी कार्यबाट निवेदकको वासस्थान सम्पत्ति माथि आक्रमण हुने संवैधानिक तथा कानूनी अधिकार हनन् हुने आशंका रहेकाले उक्त कार्य तत्काल नरोक्ने हो भने मेरो आवास सम्वन्धी संवैधानिक हक हनन् हुन सक्ने अवस्थाबाट जोगाउन निवेदन माग बमोजिम विपक्षीहरुका नाममा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी बहस गर्नुभयो।

५. प्रस्तुत विषयमा रिट निवेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट रहनुभएका विद्वान अधिवक्ताको बहस समेत सुनी यसमा निवेदन दावी बमोजिम निषेधाज्ञाको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो।

६. यसमा बार कम्पाउण्ड भत्काउनु भनी विपक्षीहरुले मौखिक सूचना धम्की दिएकाले निवेदिकाले घरबास सुरक्षित राख्नको निषेधाज्ञाको लगाएत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भनी निवेदन परेकोमा निवेदकले मिचेको सार्वजनिक जग्गा मंसिर १ गते भत्काउने भन्ने बासुदेव आचार्यसँग छलफल भई सहमति भएको र सो सहमति बमोजिम संरचना हटाउन अनुरोधसम्म गरेको हो भनी लिखित जवाफ परेको देखियो।

७. प्रस्तुत निवेदनसाथ पेश भएका कागज प्रमाण तथा फोटोहरु हेर्दा, निवेदिका विष्णुमाय आचार्यको कास्की जिल्ला ग्यारजाती गा.वि.स. वडा नं को कि.नं. २०१० र ऐ. कि.नं. २०१२ को जग्गा २०६८ सालमा राजिनामाबाट प्राप्त गरी घर बनाई बसेको सो ठाउँ भिरालो भएकाले घरमुनी टेवा पर्खाल ( Retaining wall) बनाई घरद्वार कायम गरी बसेको देखियो।सो टेवा पर्खाल लगाएको जग्गा आफ्नै हो भनी यी निवेदकले दावी

गरेको नभई सो पर्खाल भत्कीएको अवस्थामा सो ठाउँमा पहिरो गई निवेदिकाको घरबास असुरक्षित हुने र भत्कने अवस्था देखिएको र विपक्षीहरुले बासुदेव आचार्यसँग गरेको भनेको मिति २०७५।७।१६ को सहमतिले निवेदिकाको घरजग्गा भुक्षयबाट नोक्सानी हुनबाट जोगाइ सम्पत्ति सम्वन्धी कानूनी हक प्रयोग गर्न पाउने कुरामा कुनै प्रतिकूल असर गर्न नसक्ने देखिएकाले निवेदकले आफ्नो घर जग्गा जोगाउन सो कि.न.२०१० र कि.न. २०१२ को सिमानामा रहेको अघिदेखि लगाएको टेवा पर्खाल मर्मत गर्न गराउन लगाउन बाधा अवरोध नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसील</u>

- यो निषेधाज्ञाको आदेश जानकारी र कार्यान्वयनको लागि छाँयाप्रति प्रमाणित गरी विपक्षी पोखरा महानगरपालिका ५ नं. वडा कार्यालयमा पठाइदिनू..................१
- सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू ........................................२
- यो आदेशको विद्युतीय प्रति कम्प्युटरमा यस अदालतको नेटवर्क प्रणालीमा अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू ...............................३

**(तेजबहादुर कार्की)**
**न्यायाधीश**

**उक्त रायमा सहमत छु।**

**(डालकुमार खड्का)**
**न्यायाधीश**

**इजलाश अधिकृतः सुशिल आचार्य**

***इति सम्वत २०७६ साल असार १५ गते रोज १शुभम्......***